# संघीय संसद
# राष्ट्रिय सभा
## पन्ध्रौं अधिवेशन
### बैठक - १६
### २०८० चैत ७ बुधबार
### बिहान ११:१५ बजे
### दैनिक कार्यसूची

### कार्यव्यवस्था परामर्श समितिमा सदस्य मनोनयन

१. सम्माननीय अध्यक्षले कार्यव्यवस्था परामर्श समितिमा रहुनुहुने माननीय सदस्यहरूको नाम मनोनयनका लागि प्रस्ताव गर्नुहुने।

### प्रतिवेदनमाथि छलफल

२. संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका माननीय सभापति सोनाम गेल्जेन शेर्पाले **"राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्दको अवस्था अध्ययन प्रतिवेदन, २०८० माथि छलफल** गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

### विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल

३. आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि सभामा छलफल हुने।

४. माननीय अर्थमन्त्री **वर्षमान पुन**ले आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुहुने।

### व्यवस्थापन कार्य

५. **माननीय अर्थ मन्त्री वर्षमान पुनले "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०** लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुहुने।

६. **सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'** ले :-

(क) **"अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(ख) **"अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

पद्म प्रसाद पाण्डेय
महासचिव